# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

प.स. २०८०।०८१(शिक्षा शाखा)
च.न. ६००१

मिति २०८१।०१।०९

**विषयः-विद्यार्थी भर्ना शुल्क सम्बन्धमा ।**

श्री संस्थागत विद्यालयहरु सबै
रत्ननगर नगरपालिका चितवन ।

प्रस्तुत विषयमा यस रत्ननगर नगरपालिका शिक्षा ऐन २०७४ संशोधन सहितको दफा १६ को उपदफा ५ बमोजिम विद्यालयहरुले कुनै कक्षामा भर्ना शुल्क लिई सकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि शुल्क लिन पाउने छैन भन्ने व्यवस्था रहेको एवंम् संस्थागत विद्यालय शुल्क निर्धारण तथा मापदण्ड निर्देशिका २०७२ को दफा १४.१(२) ले समेत जुन कक्षामा भर्ना हुने हो सोही कक्षाको मासिक शुल्कको १ महिनाको शुल्क बराबर हुनेगरी १ पटक मात्र भर्ना शुल्क लिने व्यवस्था गरेकोमा विद्यालयमा १ पटक भर्ना शुल्क तिरी भर्ना भएको विद्यार्थीलाई पुनः सोही विद्यालयमा भर्ना हुँदा शुल्क लिएको भनि अभिभावकहरुबाट व्यापक गुनासो आएकोले पुनः सोही विद्यालयमा भर्ना भएको विद्यार्थीलाई भर्ना शुल्क नलिनुहुन सम्बन्धित सबै संस्थागत विद्यालयहरुलाई यस नगरपालिकाको मिति २०८१।०१।०९ को निर्णयानुसार अनुरोध गरिन्छ ।

..............................
सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत